## राजपत्र अनंकित, प्रथम श्रेणी (प्राविधिक) तथा स्वास्थ्य सेवा पाँचौं तहका विभिन्न पदको परीक्षा भवन कायम गरिएको सूचना

### सूचना नं. ३७ /०७९-८०, मिति २०७९/११/१२

लोक सेवा आयोग, धनकुटा कार्यालयको देहाय बमोजिमका वि.नं., सेवा, समूह, उपसमूह र पदको **परीक्षा केन्द्र खोटाङ, दिक्तेल** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको लिखित परीक्षा कार्यक्रम आयोगको मिति २०७९।११।०२ को सूचना नं. ११६१/२०७९-८० बमोजिम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गरी/गराई निम्न मिति, समय र स्थानमा सञ्चालन हुने गरी तोकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | सेवा/ समूह | पद | विषय | परीक्षा मिति | रोल नं. | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | १०१०९-१०११०/०७८-७९ | इन्जि./सर्भे | सर्भेक्षक | प्रथम पत्र | २०७९।११।२८ बिहानको ७:०० देखि (४५ मिनेट) | सम्पूर्ण उम्मेदवारहरु | श्री लोक सेवा आयोग खोटाङ कार्यालय, दिक्तेल |
| | | | | द्वितीय पत्र | २०७९।११।२८ बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |
| २ | १०११७-१०१२१/०७८-७९ | विविध | कम्प्युटर अपरेटर | प्रथम पत्र | २०७९।११।२९ बिहानको ७:०० देखि (४५ मिनेट) | | |
| | | | | द्वितीय पत्र | २०७९।११।२९ बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |
| ३ | १०१०१-१०१०७/०७८-७९ | इन्जि./सिभिल /जनरल-हाइवे | सब-इन्जिनियर | प्रथम पत्र | २०७९।११।३० बिहानको ७:०० देखि (४५ मिनेट) | | |
| | | | | द्वितीय पत्र | २०७९।११।३० बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |
| ४ | १०११५-१०११६/०७८-७९ | वन / ज.फ., ने.पा. एण्ड वा.ला. | रेञ्जर | प्रथम पत्र | २०७९।१२।०१ बिहानको ७:०० देखि (४५ मिनेट) | | |
| | | | | द्वितीय पत्र | २०७९।१२।०१ बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |
| ५ | १०१२४-१०१२८/०७८-७९ | स्वास्थ्य/ जनरल नर्सिङ | स्टाफ नर्स | प्रथम पत्र | २०७९।१२।०५ बिहानको ७:०० देखि (४५ मिनेट) | | |
| | | | | द्वितीय पत्र | २०७९।१२।०५ बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |
| ६ | १०१२२-१०१२३/०७८-७९ | स्वास्थ्य/ हे.इ. | हेल्थ असिस्टेन्ट | प्रथम पत्र | २०७९।१२।०६ बिहानको ७:०० देखि (४५ मिनेट) | | |
| | | | | द्वितीय पत्र | २०७९।१२।०६ बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |
| ७ | १०१११/०७८-७९ | कृषि/ वालि विकास | प्राविधिक सहायक | प्रथम पत्र | २०७९।१२।०८ बिहानको ७:०० देखि (४५ मिनेट) | | |
| | | | | द्वितीय पत्र | २०७९।१२।०८ बिहानको ८:१५ देखि (२ घण्टा १५ मिनेट) | | |



फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com

द्रष्टव्य १

क) परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा साथै लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्ने छ।

ख) तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन।

ग) परीक्षा भवनमा मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएको छ।

घ) परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्ने छ।

ङ) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाइने छैन।

च) वस्तुगत बहुउत्तर (**Multiple Choice**) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (**Capital letter**) मा **A,B,C,D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ।

छ) परीक्षार्थीले उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानुपर्ने छ।

ज) आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

झ) नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालन गर्नुपर्ने छ।

द्रष्टव्य २

***संक्रमणको विशेष अवस्थामा आयोगको परीक्षा सञ्चालन (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले अनिवार्यरुपमा पालना गर्नुपर्ने विषयहरुः***

- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने छ।
- उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा दुई मिटरको दूरी कायम गर्नुपर्ने छ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने छ।
- परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरीकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ।
- परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
- **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले परीक्षा मितिको एक दिन अगावै मोबाइल नम्बर ९८४२८४७००३ मा सम्पर्क गरी आफ्नो रोल नम्बर र नाम थर समेत टिपाउनुपर्ने छ।**

| | |
|---|---|
| ............................................ | 2065/11/12 ............................................ |
| (भगतप्रसाद आचार्य) | (ध्रुवकुमार राई) |
| नायव सुब्बा | शाखा अधिकृत |



फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com